apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार पृष्ठ ४

सरकारका १०० दिन: आशा धेरै, तर निराशाको सङ्केत

● वर्षः १२ ● अंकः १६५ ● पृष्ठः ४ ● १८ असार २०८३ विहीबार (02 July 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मूल्य घटेपछि सिरहामा अधिकांश पेट्रोल पम्प बन्द, उपभोक्ता सास्तीमा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १७ गते**




नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएसँगै सिरहाका अधिकांश पेट्रोल पम्प बुधबार बिहानैदेखि बन्द भएका छन्। मूल्य समायोजन लागू भएको पहिलो दिन नै इन्धन बिक्री प्रभावित भएपछि उपभोक्ता सास्तीमा परेका छन् भने केही स्थानमा महँगो मूल्यमा बोतलबाट पेट्रोल बिक्री भइरहेको गुनासोसमेत आएको छ।

नेपाल आयल निगमले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार बुधबार बिहान १ बजेदेखि लागू हुने गरी पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर २० रुपैयाँ तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ३० रुपैयाँले घटाएको थियो।

मूल्य घटेको भोलिपल्ट बिहानैदेखि सदरमुकाम सिरहा, चोहर्वा, मिर्चैया, गोलबजार, लहानलगायत जिल्लाका प्रमुख बजारमा रहेका अधिकांश पेट्रोल पम्प बन्द रहेपछि इन्धन भर्न पुगेका सर्वसाधारण निराश भएर फर्किन बाध्य भएका छन्। पम्प बन्द हुँदा अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्ने सवारी चालक र यात्रु सबैभन्दा बढी प्रभावित बनेका छन्।

यसैबीच, केही स्थानमा बोतलमा प्रतिलिटर ३ सय रुपैयाँसम्ममा पेट्रोल बिक्री भइरहेको भन्दै उपभोक्ताले कालोबजारी भएको आरोप लगाएका छन्।

सिरहा नगरपालिका-७ निवासी सत्रुधन प्रसाद साहले बिहानै विभिन्न पेट्रोल पम्पमा पुग्दा कतै पनि पेट्रोल नपाएको बताए।

"बिहानै सिरहाका केही पेट्रोल पम्प पुगेँ, तर कतै पेट्रोल पाइएन," उनले भने, "पम्पकै आसपासमा बोतलमा प्रतिलिटर ३ सय रुपैयाँका दरले पेट्रोल बिक्री भइरहेको देखेँ। मूल्य घट्नेबित्तिकै पम्प बन्द गर्ने प्रवृत्ति दोहोरिँदा पनि अनुगमन गर्ने निकाय मौन देखिन्छ।"

स्थानीय उपभोक्ताले मूल्य समायोजनको नाममा कृत्रिम अभाव सिर्जना गरी इन्धन लुकाउने तथा महँगो मूल्यमा बिक्री गर्ने प्रवृत्तिमाथि तत्काल अनुगमन गरी कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

बाँकी पृष्ठ २ ▸▸

## जिल्लाबाट सफाइ पाएका एमाले पूर्वसांसद लक्ष्मी महतो दोषी ठहर, लोसपा सांसद शर्माको सजाय घट्यो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार १७ गते**



जिल्लाबाट सफाइ पाएका एमाले पूर्वसांसद लक्ष्मी महतो दोषी ठहर, लोसपा सांसद शर्माको सजाय घट्यो सशस्त्र प्रहरी बल नेपालका असइ थमन विक हत्या प्रकरणमा उच्च अदालत जनकपुरधामले जिल्ला अदालत महोत्तरीबाट भएको फैसला आंशिक उल्ट्याएको छ।

उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको बुधबारको संयुक्त इजलासले दुई पूर्वसांसदसहित ६ जनालाई पाँच वर्ष कैद, तीनजनालाई जन्मकैद फैसला सुनाएको हो।

जिल्ला अदालत महोत्तरीबाट जन्मकैदको सजाय पाएका निलम्बित लोसपा प्रदेश सांसद अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र तथा धर्मेन्द्र राय र सुरेश पाण्डेलाई पाँच वर्षका दरले कैद सजाय सुनाइएको हो। यी चारैजना फरार छन्। उनीहरूले विकमाथि प्रत्यक्ष रूपमा भौतिक आक्रमण गरेको वस्तुनिष्ठ प्रमाण नदेखिए पनि मुख्य प्रतिवादीहरूको बयान र घटनाको समग्र परिस्थितिअनुसार हत्या गराउने कार्यमा संलग्नता देखिएको ठहर गर्दै उच्चले पाँच वर्ष कैद सजाय सुनाएको हो।

यसैगरी, जिल्ला अदालतबाट सफाइ पाएका एमाले पूर्वसांसद लक्ष्मी कोइरी महतो र पवन कापरलाई समेत उच्च अदालतले दोषी ठहर गर्दै जनही पाँच वर्ष कैदको सजाय सुनाएको छ।


**तीनजनाको जन्मकैद सजाय यथावत्**

उच्च अदालतले घटनाका मुख्य अभियुक्तहरू प्रदीप साह माझी,

बाँकी पृष्ठ ३ ▸▸

## बजेट नल्याउने २३ स्थानीय तहसँग संघीय सरकारले माग्यो स्पष्टीकरण

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १७ गते**




भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सभामा पेश नगरेका २३ वटा स्थानीय तहसँग स्पष्टीकरण मागेको छ। पत्रमार्फत विभिन्न गाउँपालिका र नगरपालिकालाई तीन दिनभित्र बजेट तर्जुमा प्रक्रियाको अवस्था र ढिलाइको कारण स्पष्ट पारेर विवरण पठाउन निर्देशन दिएको हो।

पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) असार १० गतेभित्र कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गर्नुपर्ने तथा असार मसान्तभित्र पारित गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरिएको छ।

मन्त्रालयले आफ्नो पोर्टलमा प्रविष्ट विवरण तथा प्राप्त प्रतिवेदनका आधारमा केही स्थानीय तहले हालसम्म आर्थिक वर्ष २०८३/८४ को बजेट कानुनले तोकेको समयसीमाभित्र पेश नगरेको देखिएकाले आवश्यक स्पष्टीकरण मागिएको जनाएको छ।

पत्रमा बजेट तर्जुमा प्रक्रिया हाल कुन चरणमा रहेको, तोकिएको समयभित्र बजेट सभामा पेश गर्न नसक्नुको कारण के हो, तथा मन्त्रालयबाट थप समन्वय वा सहजीकरण आवश्यक भए सोसमेत खुलाएर पत्र प्राप्त भएको मितिले तीन दिनभित्र जानकारी गराउन भनिएको छ। असार मसान्तभित्र बजेट पारित गर्न सहज हुने गरी स्थानीय तहको सभाको आगामी कार्यतालिकासमेत मन्त्रालयमा उपलब्ध गराउन अनुरोध गरिएको छ।

मन्त्रालयले स्थानीय तहमा बजेट निर्माण प्रक्रियालाई समयमै सम्पन्न गराई कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न यो पहल गरिएको जनाएको छ।

## राजगढका अध्यक्ष मण्डललाई धरौटीमा छाड्ने आदेशविरुद्ध उच्चले माग्यो कैफियत प्रतिवेदन

**अपन दैनिक संवाददाता**
**राजविराज, असार १७ गते**




उच्च अदालत जनकपुर, राजविराज इजलासले हत्याको आरोप लागेका सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलसहित दुई जनालाई धरौटीमा छाड्न जिल्ला अदालतले गरेको आदेशको कैफियत प्रतिवेदन झिकाउन आदेश गरेको छ।

न्यायाधीश माधव धितालको एकल इजलासले बुधबार जिल्लाको आदेशको कैफियत प्रतिवेदन झिकाउन भनेको हो। सप्तरी जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको एकल इजलासले रामनारायण मण्डललाई २९ मंसिर ०८२ मा दुई लाख रुपैयाँ धरौटीमा र न्यायाधीश रोमनाथ अधिकारीको एकल इजलासले १७ पुस ०८२ मा गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डललाई दुई लाख धरौटीमा छाड्ने आदेश दिएको थियो।

जिल्लाको आदेश चित्त नबुझेर जिल्ला सरकारी वकिल कार्यालय सप्तरीले उच्च सरकारी वकिल कार्यालयमा निवेदन दिएको थियो। उच्च सरकारी वकिल कार्यालयले मंगलबार जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गराएको थियो। उक्त रिटमा सुनुवाइ गर्दै न्यायाधीश धितालले कैफियत प्रतिवेदन झिकाउन आदेश दिएका हुन्।

तत्कालीन बेल्हीचपेना गाविस-३ स्थित रामजानकी मन्दिरका

बाँकी पृष्ठ ४ ▸▸

## अवैध उत्खननका गिटी-बालुवासहित तीन टिपर नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १७ गते**

सिरहामा अवैध रूपमा उत्खनन गरिएको गिटी-बालुवा ओसारपसार भइरहेको सूचनाका आधारमा प्रहरीले तीन वटा टिपर नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाले अवैध रूपमा उत्खनन गरी ढुवानी भइरहेको नदीजन्य पदार्थसहितका सवारी साधन नियन्त्रणमा लिई थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार धनगढीमाई नगरपालिका-८ डेंगा टोल क्षेत्रमा अवैध रूपमा उत्खनन गरिएको गिटी-बालुवा लोड गरी लैजाँदै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय धनगढी र अस्थायी प्रहरी पोस्ट कसहाबाट खटिएको संयुक्त प्रहरी टोलीले मंगबार राति तीन वटा टिपर नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार नियन्त्रणमा परेका सवारी साधनहरु मधेश प्रदेश ०३-००१ क २४६०, मधेश

बाँकी पृष्ठ ४ ▸▸

## बजेट सच्याउनुपर्ने प्रतिपक्षी दलको माग, प्रदेश सभा बैठक स्थगित

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १७ गते**




मधेश प्रदेशको आगामी आर्थिक वर्ष २०८३/८४ का बजेटमाथि छलफलका लागि बोलाइएको प्रदेश सभा बैठक प्रतिपक्षी दलहरूको अवरोधपछि स्थगित भएको छ।

बैठक बस्ने बितिकै प्रतिपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले उभिएर बजेट भद्रगोल रहेको भन्दै सच्याउन माग गरी बैठक अवरुद्ध गरेपछि सभामुख रामआशिष यादवले १० मिनेटका लागि बैठक स्थगित गरेका थिए।

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

# फोहरमैला व्यवस्थापन गर

जेन-जी आन्दोलनका क्रममा सिरहा नगरपालिकाको जेसिभि, जीप तथा विशेषगरी सरसफाइका लागि प्रयोग हुँदै आएका तीनवटा ट्याक्टरमा आगजनी गरियो। ती ट्याक्टर पूर्ण रूपमा नष्ट भएपछि नगरपालिकाको फोहरमैला व्यवस्थापन प्रणाली नै प्रभावित भएको छ। सिरहा नगरपालिकाले नयाँ ट्याक्टर खरिद गर्ने प्रक्रिया अघि बढाएको भएपनि त्यसले तत्कालको समस्या समाधान गर्दैन। सार्वजनिक खरिद प्रक्रिया, निश्चित कानुनी विधि र समयसीमाभित्र सम्पन्न हुने भएकाले नयाँ सवारी साधन सञ्चालनमा आउन केही समय लाग्नु स्वाभाविक हो। यसबीच नगरवासीले भोग्नुपरेको सास्ती भने दिनप्रतिदिन बढिरहेको छ। विशेषगरी सिरहा सदरमुकामको मुख्य सडक र २ नम्बर सडक तथा नगरका अन्य साना बजार क्षेत्रमा नियमित रूपमा फोहर उठाउन समस्या भईरहेको छ । सडक किनारा, बजार क्षेत्र र सार्वजनिक स्थानमा थुप्रिएको फोहरले वातावरणलाई प्रदूषित बनाएको छ। त्यससँगै दुर्गन्ध फैलाएर नागरिकको दैनिक जीवनसमेत कष्टकर बनाएको छ।

वर्षायाममा यस्ता फोहरबाट झन् बढी संक्रमण फैलिने जोखिम रहन्छ। पानी जम्ने स्थानमा लामखुट्टेको वृद्धि, सरसफाइको अभावका कारण झाडापखाला, डेंगु, हैजा लगायतका रोग फैलिने सम्भावना बढ्दै जान्छ । यसरी हेर्दा फोहर व्यवस्थापन सफाइको विषय मात्र नभई सार्वजनिक स्वास्थ्यको गम्भीर सवाल बनेको छ। समस्या नगरपालिकाको साधन अभावमा मात्र सीमित छैन । नागरिकको व्यवहार पनि उत्तिकै जिम्मेवार पक्ष हो। घरबाट निस्किएको फोहर जथाभावी सडक, नाला, खुला ठाउँ वा सार्वजनिक स्थलमा फाल्ने प्रवृत्ति अझै नियन्त्रणमा आउन सकेको छैन । फोहर छुट्याएर व्यवस्थापन गर्ने, तोकिएको स्थान र समयमा मात्र फोहर विसर्जन गर्ने तथा सरसफाइलाई साझा दायित्वका रूपमा स्वीकार गर्ने संस्कृतिको विकास हुन सकेको छैन। नगरपालिकाले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भने नागरिकले पनि आफ्नो कर्तव्यबाट विमुख हुनु हुँदैन।

यतिबेला सिरहा नगरपालिकाले तत्कालीन र दीर्घकालीन दुवै उपाय अपनाउन आवश्यक छ। नयाँ ट्याक्टर खरिद प्रक्रियालाई यथाशीघ्र सम्पन्न गर्नुका साथै अन्तरिम व्यवस्थाका रूपमा निजी क्षेत्र वा छिमेकी स्थानीय तहसँग समन्वय गरी फोहर संकलनलाई निरन्तरता दिन सकिन्छ। सरसफाइका अस्थायी विकल्प खोज्नु, बजार क्षेत्रमा नियमित सफाइ अभियान सञ्चालन गर्नु, नागरिकलाई जनचेतनामूलक अभियानमार्फत जिम्मेवार बनाउनु तथा फोहर व्यवस्थापनमा समुदाय, टोल विकास संस्था र निजी क्षेत्रको सहभागिता बढाउनु अहिलेको आवश्यकता हो। सार्वजनिक सम्पत्तिको क्षति क्षणिक हुन्छ, तर त्यसको असर वर्षौंसम्म जनजीवनमा देखिन्छ । आन्दोलनमा जलेका ती ट्याक्टर सवारी साधन थिएनन्। ती नगरको सरसफाइ, जनस्वास्थ्य र सेवाप्रवाहका आधार थिए । त्यसैले यस्ता घटनाबाट सबै पक्षले पाठ सिक्नुपर्छ। आन्दोलनको अधिकार जति महत्वपूर्ण छ, सार्वजनिक सम्पत्तिको संरक्षण पनि त्यत्तिकै आवश्यक छ। सिरहाको वर्तमान फोहर संकटलाई बेवास्ता गर्ने अवस्था छैन। नगरपालिकाले तत्काल प्रभावकारी पहल गर्नुपर्छ, नागरिकले जिम्मेवारीपूर्वक सहयोग गर्नुपर्छ र सम्बन्धित सबै पक्षले सार्वजनिक सम्पत्तिको संरक्षणलाई साझा दायित्वका रूपमा आत्मसात गर्नुपर्छ। स्वच्छ, सुरक्षित र स्वस्थ सिरहाको आधार प्रभावकारी फोहर व्यवस्थापन नै हो। त्यसका लागि अब ढिलाइ गर्ने कुनै ठाउँ छैन।

## मूल्य घटेपछि सिरहामा अधिकांश पेट्रोल ..........

जिल्ला प्रशासन कार्यालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसँग सम्बन्धित निकायले पनि घटनाबारे अनुगमन तथा आवश्यक पहल गर्नुपर्ने उपभोक्ताको माग छ।

पछिल्लो समय नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाउँदा विभिन्न जिल्लामा इन्धन बिक्री प्रभावित हुने र कृत्रिम अभाव सिर्जना हुने प्रवृत्तिप्रति उपभोक्ताले पटक-पटक गुनासो गर्दै आएका छन् । यस पटक पनि सिरहामा अधिकांश पेट्रोल पम्प बन्द रहँदा उपभोक्ताले सास्ती व्यहोर्नुपरेको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

# पुरानै एजेन्डाको नयाँ तरंग: संघीयताबारे रवि र बालेनका विरोधाभाषी अडान

**रास्वपा एजेन्डाको विरोध भइरहेका कोण र आयाम भने फरक-फरक छन् । कसैले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीमार्फत निरंकुशतातिर जान खोजेको भन्दै आलोचना गरेका छन् । धेरैको ध्यान प्रदेशसभा खारेजीको मुद्दाले तान्यो । गैरदलीय स्थानीय तहको विरोध गर्नेले निर्दलीयता निम्त्याउने आंशका गर्छन् । बहुलदीय लोकतन्त्रमा निर्दलीय पञ्चायत जाग्न नदिने तिनको तर्क हुन्छ ।**



> बालेननिकट स्रोतका अनुसार मेयर भएको केही समयसम्म उनलाई संघीयताबारे ज्ञान थिएन।

रास्वपा प्रथम महाधिवेशनको प्रतिवेदनमा 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, पूर्ण समानुपातिक संसद्, प्रदेशसभाको खारेजी र गैरदलीय स्थानीय तह' जस्ता एजेन्डा महत्त्वका साथ उठेपछि राजनीतिक वृत्तमा नयाँ तरंग उत्पन्न भएको छ। विशेषतः 'प्रदेशसभाको खारेजी' लाई 'संघीयताको खारेजी' प्रयाससँग जोडेर चर्चा भइरहेको छ।

संघीयतापक्षधर शक्ति र दलहरुले यसको विरोध गरेका छन्। प्रदेशसभा बिनाको प्रदेशको कुनै अर्थ हुने संघीयता पक्षधरहरुको बुझाइ छ। संघवादको सिद्धान्तमा प्रदेशसँग पनि विधायकी अधिकार हुनु अपरिहार्य हुन्छ।

रास्वपा एजेन्डाको विरोध भइरहेका कोण र आयाम भने फरक-फरक छन् । कसैले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीमार्फत निरंकुशतातिर जान खोजेको भन्दै आलोचना गरेका छन्। धेरैको ध्यान प्रदेशसभा खारेजीको मुद्दाले तान्यो । गैरदलीय स्थानीय तहको विरोध गर्नेले निर्दलीयता निम्त्याउने आंशका गर्छन्। बहुलदीय लोकतन्त्रमा निर्दलीय पञ्चायत जाग्न नदिने तिनको तर्क हुन्छ।

जस्तो कि पत्रकार, साहित्यकार तथा नागरिक अभियन्ता नारायण वाग्ले लेखे-'दुईतिहाई ल्याएर पनि नपुगेर प्रत्यक्ष निर्वाचित कार्यकारी ? संसद्लाई कमजोर बनाएर नपुगेर पूर्ण समानुपातिक संसद् ? प्रदेशलाई काम गर्न नदिएर प्रदेशसभाकै खारेजी ?' यी प्रश्नभित्र गहिरो असन्तुष्टि र प्रतिरोध लुकेको छ।

मधेशकेन्द्रित र पहिचानवादी दलहरुको विरोध मूलतः प्रदेशसभाको खारेजीमा केन्द्रित छ । र, त्यो स्वाभाविक पनि देखिन्छ। जस्तो कि जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको प्रतिक्रिया थियो- 'भोट माग्ने बेलामा मधेसिया छौरा बन्ने, कुर्ता गम्छा लगाउने, मधेसी भाषामा सम्बोधन गर्ने, प्रदेशलाई बलगर बनाउँछु र अधिकार माग्न काठमाडौं जानु पर्दैन भन्ने, अनि त्यही वाचाको आधारमा 'क्लिन स्वीप' गर्ने, देशभरिमा झण्डै दुईतिहाई बहुमत ल्याउने, तराई मधेशको २१ जिल्लाका ७८ मध्ये ७४ सिट जित्ने, अनि अहिले आएर प्रदेशसभा खारेज गर्ने एजेन्डा पारित गर्न लगाउनु राजनीतिक बेइमानी हो, जनतासँग धोका हो।'

राउतको मात्रै होइन, ठीक यस्तै प्रतिक्रिया उपेन्द्र यादव र राजेन्द्र महतोको पनि छ।

यी प्रतिनिधि भनाइबाट रास्वपाका एजेन्डाले सिर्जना गरेको तीव्र प्रतिक्रिया सहजै अनुमान गर्न सकिन्छ। तर, स्मरणीय कुरा के छ भने रास्वपाको सन्दर्भमा यी कुनै एजेन्डा नयाँ होइनन्।पार्टी स्थापनादेखि सार्बजनिक प्रतिबद्धता गरिँदै आएका एजेन्डा हुन्।

**संघीयताप्रति प्रारम्भदेखि नै वितृष्णा**

रास्वपामा प्रारम्भदेखि नै संघीयताप्रति वितृष्णा थियो, तर कतिपय कारणले प्रस्ट भाषामा भन्न सकिरहेको थिएन। त्यो हिचकिचाहट यद्यपि कायम छ। प्रदेशसभा खारेजीको अर्थ प्रकारान्तले संघीयताको खारेजी नै हुन्छ। किनकि विधायकी अधिकार बिनाको प्रदेश संघीयतामा कल्पना गरिँदैन।

पहिचान र अधिकारको राजनीतिलाई रास्वपा नेता कार्यकर्ताले प्रारम्भ देखि नै 'जातीयता/क्षेत्रीयताको संर्कीण राजनीति' भन्ने गर्थे यहाँसम्म कि रास्वपाको पार्टी संरचना स्थापनाकालदेखि नै पर्याप्त र विधिसम्मत समावेशी थिएन। प्रथम महाधिवेशनले पनि पुराना दलहरुभन्दा फरक र मूर्त रुपमा समावेशिता सुनिश्चित गर्न सकेको छैन।

२०७९ को आम निर्वाचनमा प्रदेशसभातर्फ पार्टीले उम्मेदवारी दिएको थिएन। त्यतिखेर अहिलेका प्रधानमन्त्री बालेन्द्र शाह काठमाडौं महानगरको स्वतन्त्र मेयर थिए। उनले मतदान गर्दा प्रदेशसभाको मतपत्र नै नसमाएको र प्रतिनिधि सभाको मात्र मतदान गरी बाहिरिएको भिडियो भाइरल थियो।

**'बलगर संघीयता' को वचन**

फाल्गुन २१ गतेको आम निर्वाचन अभियानका क्रममा तिनै शाहले जनकपुर पुगेर 'बलगर' संघीयताको भाषण गरे। उनी मधेसी पोशाकमा जनकपुर गए। जानकी माताको संझना गरे। मैथिली भाषामा बोले। अब अधिकार माग्न काठमाडौं जान नपर्ने, अधिकार जनकपुरमै आउने र काठमाडौं घुम्नका लागि मात्र जाने स्थिति बनाउने बचन दिए।

साथै, यो भन्न समेत भ्याएकी-'मधेशीयाको छौरा आएको भनेर मात्रै भोट नदिनू, राम्रा मान्छे आउँदैछन् भनेर भोट दिनुस्।'

बालेननिकट स्रोतका अनुसार मेयर निर्वाचित भएको केही समयसम्म उनलाई संघीयताबारे ज्ञान थिएन। उनी त्यतिखेरका प्रतिक्रियाजस्तै 'संघीयताले देश कमजोर हुने, खर्च बढाउने र राजनीतिक कार्यकर्ताको व्यवस्थापन गर्नका लागि मात्रै अनावश्यक तह थपिएको' तर्क प्रणालीमा विश्वास गर्थे।

अहिले उनमा यो सोच कमजोर हुँदै गएको छ। तर, संघीयताको उचित 'मोडालिटी' के हो भनेर कुनै निष्कर्ष बनाउन सकेका छैनन्। प्रधानमन्त्री बालेन मेयर हुँदाको 'संघीयता विरोधी' बाट बाहिर त निस्केका छन्। तर, प्रस्ट धारणाबिहीन बन्न पुगेका छन्। निकट स्रोतका अनुसार बालेनको सोच संक्रमणबाट गुज्रिरहेको छ। अन्य धेरै सवालमा जस्तै संघीयताबारे पनि उनको धारणा अपरिपक्व नै छ।

तर, चुनावका बेला मधेशमा संघीयताको मुद्दाले बलियो काम गर्ने छिपछिपे बुझाइमा भोटका लागि 'बलगर संघीयता' को भाषण ठोकिदिए। त्यसले रास्वपाको पक्षमा लहर ल्याउँन राम्रै काम गऱ्यो। मधेश आन्दोलन र संघीयताको मुद्दामा समर्थन जनाउँदै आएको जनमतले घण्टीमा भोट दियो।

तर, रास्वपाको संस्थागत सोच भने जहाँको त्यहीँ थियो। पार्टीको संस्थागत प्रक्रियामा सामेल नहुने बालेनले दस्तावेजमा संघीयताबारे के लेखियो, सायदै रुचि राखे। व्यक्तिगत लोकप्रियता र नायकत्ववादमा विश्वास गर्ने मानिसलाई नीतिगत औपाचारिक बहसमा खासै रुचि हुँदैन। तसर्थ दस्तावेजमा भने रविको स्थापनाकालीन सोच नै अघि आयो।

सभापति रवि लामिछाने र रास्वपाको स्थापनाकालीन संस्थापनपक्षका लागि यो नयाँ कुरा थिएन।

**पहिलो होइन रास्वपा**

यस्ता राजनीतिक मुद्दा उठाउने रास्वपा पहिलो पार्टी भने होइन। २०४६ सालको परिवर्तनदेखि नै देशमा राज्यको संरचना, शक्ति निक्षेपण, शासकीय स्वरुप र निर्वाचन प्रणालीको बहस थियो।

माओवादी जनयुद्ध, जनान्दोलन २०६२/२०६३, मधेश जनविद्रोह र आदिवासी, जनजाति, लगायत सीमान्तकृत आन्दोलनले यो बहस अत्यन्त तीव्र पाऱ्यो। २०६० को एक दशक सिंगो देश यिनै सवाल वरिपरि रुमल्लिएको थियो।

पहिलो संविधानसभा यही मतभेद र रस्साकस्सीले संविधान नै नबनाइकन विघटित भएको थियो। प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसद्को मुद्दा बोक्ने मुख्य दल तत्कालीन नेकपा (माओवादी ) र मधेसी जनाधिकार फोरम थिए।

पछि विवेकशील-साझा र नयाँ शक्तिजस्ता नयाँ र वैकल्पिक दाबी गर्ने पार्टीले समेत यी सवालको पक्षमा पैरवी गरे।

स्मरणीय छ कि संविधानसभाको अवधिमा नेपाली कांग्रेसभित्र नरहरि आचार्य, प्रदीप गिरी, गगन थापालगायतको एउटा समूहले 'प्रत्यक्ष निर्वाचित कार्यकारी' का पक्षमा पैरवी गरेको थियो। तर, प्रदेशसभा खारेजीको मुद्दा भने अन्य कुनै दलले उठाएका थिएनन्।

रास्वपाले संविधानसभा अवधिमा बहसमा रहेका तर संविधान निर्माण हुँदा सम्बोधन हुन नसकेका अधुरा मुद्दा फेरि ब्युँताएको छ। सँगसँगै प्रदेशसभा खारेजीको मुद्दा पुन उठाएर जोखिम पनि लिएको छ।

**किन विघटन भएको थियो पहिलो संविधानसभा ?**

२०६४ सालमा निर्वाचित पहिलो संविधानसभा संविधान नै नबनाइकन विघटन भयो । फेरि अर्को संविधानसभाको चुनाव हुने कल्पना थिएन। सामान्यतः संविधानसभाको चुनाव त्यसरी बारम्बार गरिँदैन पनि। त्यस्तो विश्व अनुभव छैन।

तर, नेपालमा भयो। पहिलो संविधानसभाको निर्वाचन २ वर्षका लागि मात्र थियो । दुई वर्षभित्र नयाँ संविधान बनाई त्यसको व्यवस्थाअनुरुपको नयाँ चुनाव गराउने प्राबधान तत्कालीन अन्तरिम संविधान २०६३ मै थियो।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : पुरानो लगानी वा प्रयासबाट न्यायसंगत लाभ प्राप्त हुने सम्भावना छ।

**बृष** : पारिवारिक सम्बन्धमा सुधार आउनेछ भने उद्योग वा व्यवसायमा गरिएको लगानी लाभदायक सिद्ध हुनेछ।

**मिथुन** : नयाँ कार्यको सुरुवातका लागि अनुकूल समय छ। अधुरा कामहरू पूरा हुनेछन् र मनोबल उच्च रहनेछ।

**कर्कट** : आर्थिक पक्ष मजबुत बन्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।

**सिंह** : निर्णयमा सावधानी आवश्यक देखिन्छ। अत्यधिक जोखिम लिनु उचित नहुन सक्छ।

**कन्या** : आम्दानीका नयाँ स्रोतहरू खुल्नेछन्। साझेदारी वा सट्टापट्टाबाट लाभ प्राप्त हुनेछ।

**तुला** : कम लाभदायक जिम्मेवारी सम्हाल्नुपर्ने परिस्थिती आउन सक्छ।

**वृश्चिक** : अघिल्ला बाधा र अवरोध हट्दै कार्यहरू पूर्ण हुनेछन्। नयाँ जिम्मेवारी तथा अवसर प्राप्त हुने सम्भावना छ।

**धनु** : कठोर परिश्रमको उचित प्रतिफल प्राप्त हुनेछ। व्यापार, पेशा वा जागिरमा लाभदायक परिणाम मिल्नेछ।

**मकर** : शैक्षिक तथा बौद्धिक उन्नतिको अवसर प्राप्त हुनेछ। व्यवसायिक प्रयोजनका लागि यात्रा सम्भव देखिन्छ।

**कुम्भ** : मनोबलमा केही उतारचढाव आउन सक्छ। जिम्मेवारी र प्रतिस्पर्धाको दबाब रहनेछ।

**मीन** : सामाजिक प्रतिष्ठा र सम्मानमा वृद्धि हुनेछ। सेवामूलक कार्यप्रति रुचि बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# महिलालाई आत्मनिर्भर बनाउन सर्फ, हार्पिक र फिनेल बनाउने तालिम



**अपन दैनिक संवाददाता**
**सिरहा, असार १७ गते**

सिरहा नगरपालिकाले महिलालाई स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले आठदिने लघु उद्यम विकास तालिम तथा सर्फ, हार्पिक र फिनेल उत्पादनसम्बन्धी सीपमूलक तालिम सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत गरिबी निवारणका लागि सञ्चालित लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत वडा नं. ५ मानपुर वरेर्वाका ४० जना महिलालाई आठ दिनसम्म लघु उद्यम विकास तथा सर्फ, हार्पिक र फिनेल उत्पादनसम्बन्धी तालिम प्रदान गरिएको हो।

तालिम समापनका अवसरमा बुधबार आयोजित कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष जागेश्वर यादवले सहभागीलाई उत्पादन कार्य सुरु गर्न आवश्यक प्लास्टिकका बाल्टी, जग, टोकरी तथा स्टिल टर्नर (पल्टा) वितरण गरे।

कार्यक्रमका वरिष्ठ उद्यम विकास सहजकर्ता पवन अधिकारीका अनुसार तालिमसँगै उद्यम सञ्चालनका लागि आवश्यक आधारभूत सामग्री उपलब्ध गराइएको हो।

यसबाट सहभागी महिलाले सीपलाई आयआर्जनसँग जोड्न सक्ने अपेक्षा गरिएको उनले बताए। सामग्री हस्तान्तरण गर्दै वडाध्यक्ष यादवले महिलालाई दक्ष, स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले यस्ता सीपमूलक कार्यक्रम सञ्चालन गरिएको बताए।

स्थानीयको आवश्यकता र मागका आधारमा तालिम तथा आवश्यक उपकरण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने उनले जानकारी दिए।

उनले आगामी दिनमा पनि यस्ता कार्यक्रममार्फत थप प्रविधि तथा उद्यमका लागि आवश्यक उपकरण हस्तान्तरण गरिने प्रतिबद्धता व्यक्त गरे।

## पुरानै एजेन्डाको नयाँ तरंगः संघीयताबारे रवि र बालेनका ...........

तर ४ वर्षसम्म पनि पहिलो संविधानसभाले संविधान दिन सकेन। बाध्य भएर २०६९ जेठ १५ गते पहिलो संविधानसभा भंग गरी दोस्रो संविधानसभा निर्वाचन गर्नुपर्‍यो।

त्यतिखेरको यो प्रक्रियामा सामेल एक नेताका अनुसार नेपाली कांग्रेसबाट सुशील कोइराला, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला, एमालेबाट माधवकुमार नेपाल, झलनाथ खनाल र वामदेव गौतम, माओवादीबाट प्रचण्ड, बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ बसेर शासकीय स्वरुपमा फ्रान्सेली मोडेलको मिश्रित प्रणाली र पहिचानसहितका १० प्रदेश बनाउने सहमति गरिसकेका थिए।

तर, दुई कारणले यो सहमति भाँडिएको थियो। एमालेभित्रको केपी शर्मा ओली, विद्या भण्डारी र ईश्वर पोखेल समूह तथा नेपाली कांग्रेसको शेरबहादुर देउवा गुटले यो सहमति अस्वीकार गरी भाँड्नतिर लाग्यो।

अर्कोतिर उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतोलगायतले त्यो बेलाको मधेशकेन्द्रित दलका मूल नेताले मधेश टुक्र्याउन नपाइने भन्दै 'समग्र मधेश, एक प्रदेश' को अडान लिए। यही रस्साकस्सीमा पहिलो संविधानसभा विघटन भयो।

र, त्यस्ता थुप्रै सवाल असम्बोधित रहे, जसलाई आज रास्वपालगायतका दलले उठाउने अवसर पाएका छन्।

### माओवादी–मधेशवादीको घाटा व्यापार

पहिलो संविधानसभाको असफलतापछि २०७० को मंसिर ४ गते दोस्रो संविधानसभा निर्वाचन भयो। यतिखेरसम्म माओवादी-मधेशवादी शक्तिले गम्भिर राजनीतिक गल्ती गरिसकेका थिए। तिनले आत्मघाती कदमप्रति सहमतिमार्फत कांग्रेस-एमालेका लागि अनुकूलता सिर्जना गरिदिए।

नेपालको इतिहासमा कहिल्यै नभएको बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकार मन्त्रिपरिषद्को अध्यक्ष बनाइयो। त्यसअघि बेला माओवादी नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री थिए। नयाँ चुनाव गराउने अधिकार स्वाभाविक रुपमा भट्टराई सरकारको थियो।

तर, माओवादीभित्र पनि त्रिगुट प्रचण्ड, बाबुराम र मोहन वैद्य समूहको संघर्ष चरमचुलीमा थियो। तसर्थ, प्रचण्डले बाबुराम सरकार हटाएर खिलराज रेग्मी सरकार बनाउन सहमति दिए। मधेशकेन्द्रित दलहरुले यो प्रक्रियमा आफ्नो भूमिका प्रखर बनाउन सकेनन्, लतारिएर गए। पहिलो संविधानसभामा अनुकूल रहेको शक्ति सन्तुलन दोस्रो संविधानसभामा माओवादी र मधेशवादीका लागि प्रतिकूल भयो।

कांग्रेस-एमाले फेरि हाबी भए। पहिलो संविधानसभा निर्वाचनमा नराम्ररी पराजित एमालेको केपी शर्मा ओली गुट दोस्रो संविधानसभामा प्रभावशाली बनेर आयो। माओवादी र मधेशकेसिन्द्रत दल दुबै त्यो बेलाका परिवर्तन पक्षधर शक्ति कमजोर भए। २०७२ को संविधान त्यसैको परिणम हो।

शासकीय स्वरुप, शक्ति निक्षेपणको प्रवृत्ति, संघीयताको ढाँचा र निर्वाचन प्रणालीसम्बन्धी नयाँ परिकल्पना किनारमा परे। कांग्रेस-एमाले 'सुधारिएको संसदीय प्रणाली' लाद्न सफल भए।

### कहाँ छ रास्वपाको अडान ?

संविधान निर्माण जटिलताको करिब १ दशकपछि २०७९ को आम निर्वाचनबाट उदाएको नयाँ दल रास्वपा यी ऐतिहासिक र पेचिला घटनाक्रममा कहाँनेर अडान राख्छ भन्ने प्रश्न अनुत्तरित छ।

रास्वपाका दुई प्रभावशाली नेता रवि लामिछाने र बालेन्द्र शाह दुबैले देशको राजनीतिक घटनाक्रम, इतिहासका कडी तथा विरासतबारे कुनै प्रस्ट धारणा राख्न सकेका छैनन्। तिनले पुराना दल र नेताहरुको विरोध त गरिरहेका छन्। तर इतिहासको वस्तुनिष्ठ समीक्षा अघि सारेका छैनन्।

रास्वपा अहिलेसम्म वैचारिक तथा एजेन्डागत प्रस्टता र विरासतमा बनेको संस्थागत दलभन्दा दुई नेता 'कल्ट' को गठजोड जस्तो छ। रवि-बालेनले जे भन्छन्, पार्टीपंक्तिले त्यही मान्ने स्थिति छ। तर, संघीयताबारे स्वयं रवि-बालेनको अडान कहाँनेर हो ? कसैले बुझ्न सकेको छैन।

रविको प्रदेशसभा खारेज गर्ने र बालेनको 'बलगर संघीयता' को मोडेल परस्पर विरोधाभाषी हुन्। प्रदेशसभा खारेज गरेर प्रदेश बलियो हुँदैन। प्रदेशसभा बिनाको प्रदेशले कसरी काम गर्छ, प्रदेशको विधायकी अधिकार कहाँ हुन्छ ?

रास्वपाले यो सवाल त्यस्तो बेला उठाउँदै छ जब तत्कालीन माओवादी र मधेसवादी शक्तिसमेत अहिले संविधान निर्माण गर्दा बखतको अधुरा सपनालाई न्याय गर्न नसक्ने गरी विभाजित र कमजोर छन्। माधव नेपालसँगको एकतापछि प्रचण्डपक्ष प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसदको समेत खुलेर पैरवी गर्न नसक्ने भएको छ।

अहिले रास्वपाले उठाएका मुद्दामध्ये कतिपय तत्कालीन माओवादी-मधेशी जनाधिकार फोरमसंग मिल्छन्। त्यस्तो कि प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसद्। तर, संघीयताको विषयमा भने उल्टो छ। ती दल पहिचान र अधिकारमा आधारित संघीयता चाहन्छन् तर रास्वपाले प्रदेशसभा खारेजमार्फत प्रदेश तहलाई पञ्चायतकालीन विकास क्षेत्र र अञ्चलजस्तै प्रशासनिक इकाइमा सीमित गर्न चाहेको बुझिन्छ।

गैरदलीय स्थानीय निकाय मधेशकेन्द्रित दलहरुले स्वीकार गर्लान्, तर, यसमा माओवादी सहमत हुन गाह्रो छ।

नेपाली कांग्रेस र एमालेले भने यी दशकअघि नै अस्वीकार गरेका मुद्दा हुन्।

## बजेट सच्याउनुपर्ने प्रतिपक्षी दलको माग ............

सत्तारुढ दल र प्रतिपक्षी दलबीच समन्वय गराउन छलफल गराउँदा समेत समस्या समाधान हुन नसकेपछि भोलि बिहीबार पुनः बैठक बस्ने गरी सभामुख यादवले बैठक स्थगित गरे। प्रतिपक्षी दलहरूले बजेट नसच्याइएसम्म प्रदेश सभाको बैठक बस्न नदिने चेतावनी दिएका छन्।

प्रतिपक्षी जसपा नेपालका सांसद उपेन्द्र महतोले मधेश प्रदेशको इतिहासमै यस्तो भद्रगोल मिक्सिङ बजेट नआएको बताए।

'उपभोक्ता समिति निरुत्साहिन गर्ने नाममा एक करोडको बजेटमा १० भन्दा बढी सम्मको योजना राखि भद्रगोल बनाएर बरबादै पारिदिएको छ। यी बजेट पारित भएपनि भोलीका दिनमा कार्यान्वयन हुन सक्दैन' उनले भने।

प्रतिपक्षी दलका सांसदहरुले सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखि त्यसभित्र एक दर्जनको हाराहारीमा एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेर झन् भद्रगोल बनाएको छ। उनीहरूका अनुसार एक त टेण्डर नै कसैले लिन मान्दैन, यदि टेण्डर लिएपनि कामै नगर्ने अवस्था आउने छ।

जसपा नेपालका अर्का सांसद जयनुल राईनले भने एउटै शिर्षकभित्र मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै समेटिएको बताए।

'यस्तो पनि कहीं बजेट हुन्छ ? एउटै शीर्षकभित्र अन्य योजनाहरू राख्दा ठेक्का प्रक्रिया, कार्यान्वयन क्षेत्र, प्राविधिक मूल्यांकन, भुक्तानी र विवाद समाधानमा समस्या आउने निश्चित छ।'

उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको बजेट वितरण अझ बढी अव्यवस्थित देखिन्छ। महोत्तरीको जलेश्वरमा सडक ढलान तथा रिटेनिङ वाल, मनरासिसवा नगरपालिकाको विद्यालयमा अधुरो भवन निर्माण, डेस्क-बेन्च व्यवस्थापन र कम्पाउन्ड वाल स्तरोन्नतिलाई एउटै एक करोडको शीर्षकमा राखिएको छ।

पूर्वमन्त्री एवं जसपा नेपालका सांसद मनिष सुमन एक करोडको शीर्षकभित्र फरक भूगोल र फरक प्रकृतिका योजना राख्दा कार्यान्वयनमा कानुनी र व्यवहारिक दुवै समस्या आउने बताएका छन्। उनले भने, 'यदि कुनै शिर्षकको बहुयोजना अन्तर्गत एउटा काममा समस्या पर्‍यो भने अन्य योजना समेत प्रभावित हुन जान्छ।'

यस्तै बजेट गत आर्थिक वर्ष २०८१/०८२ मा समेत तयार पारिएको थियो। लामो समयसम्म बजेट चल्न नसकेपछि संकल्प प्रस्ताल ल्याएर पुन खुद्रे योजनामा परिवर्तन गरी कार्यान्वयनमा ल्याइएको थियो। यही अवस्था आगामी वर्षमा उत्पन्न हुने उनको भनाई छ।

यता अर्थमन्त्री युवराज भट्टराईले यस्तो बजेट पहिलो पटक नभएर विगतमा पनि कयौं पटक आइसकेको बताए।

'केन्द्रको पनि यस्ता बजेटहरू हुन्छन्। त्यहाँ कुनै समस्या हुँदैन हाम्रो पालाको सरकारमा समस्या आउँछ यो मनगढन्त कुरा हो' उनले भने, 'विगतमा पनि आफूले उद्योग, पर्यटन तथा वन मन्त्री हुँदा यस्तो बजेट चलाइ सकेका छौं।'

उनले थप्दै भने, 'बजेट अर्थ मन्त्रालयले होइन सम्बन्धित मन्त्रालयहरुले पीएलएमबीएसमा टाइप गरी पठाएको फाइल अनुसार तयार पारिएको हो। यसमा अर्थमन्त्रालय कतै दोषी छैन। प्रतिपक्षी दलहरुले भित्री इच्छा उपभोक्ता समितिमार्फत काम गराउने रहेकाले त्यो पुरा नहुँदा विरोध जनाएका हुन्।'

मधेश प्रदेश सरकारले आगामी आव २०८३/८४ का लागि रु ४१ अर्ब १३ करोड ८६ लाख बजेट विनियोजन गरेको छ। मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आव २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेको थियो।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

## जिल्लाबाट सफाइ पाएका एमाले पूर्वसांसद लक्ष्मी महतो ...............

सञ्जयकुमार साह र मोहन ठाकुरको हकमा जिल्ला अदालतले सुनाएको जन्मकैदको सजायलाई यथावत् राखेको छ। तत्कालीन मुलुकी ऐनको ज्यानसम्बन्धी महलअन्तर्गत उनीहरूलाई दोषी ठहर गरिएको हो।

फैसलामा चिकित्सकीय प्रमाण, किटानी जाहेरी, अनुसन्धानका क्रममा दिइएका बयान, एम्बुलेन्सचालक सुशील मिश्र तथा अन्य साक्षीहरूको बयान र घटनास्थलका तस्बिरलाई मुख्य प्रमाण मानिएको छ। विशेषगरी सञ्जयकुमार साहले असइ विकमाथि आक्रमण गरिरहेको दृश्य देखिने तस्बिरलाई अदालतले बलियो प्रत्यक्ष प्रमाणका रूपमा स्विकारेको छ।

यसअघि २८ मंसिर ०८० मा महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले यस मुद्दामा फैसला सुनाएको थियो। त्यतिवेला जन्मकैदको सजाय पाएका अभिराम शर्मासहितका व्यक्तिहरू पुनरावेदन नगरी फरार भएका थिए।

कानुनअनुसार पुनरावेदनका लागि दिइने ७० दिन र म्याद थाम्ने थप ३० दिन गरी सय दिनको अवधि गुज्रिएपछि उच्च अदालतले कानुनी व्यवस्थाअनुसार स्वतः साधक सुनुवाइ (फैसला जाँच्ने प्रक्रिया) अघि बढाएको थियो। सोही क्रममा न्याय प्रशासन ऐन, २०७३ को दफा १०(४) बमोजिम अभियुक्तका परिवारका सदस्यहरूले ९ वैशाख ०८१ मा उनीहरू निर्दोष रहेको दाबी गर्दै निवेदन दिएका थिए। अढाई वर्षसम्म विभिन्न कारणले रोकिँदै ५०औं पटकको पेसीमा मात्र यो मुद्दा किनारा लागेको हो।

**के थियो घटना ?**

यो घटना ०७२ मा मधेश आन्दोलनसँग जोडिएको छ। २५ भदौ ०७२ मा हेटौंडाबाट संयुक्त राष्ट्रसंघीय मिसनको परीक्षा दिएर कार्यस्थल महोत्तरी फर्कंदै गरेका सशस्त्र प्रहरीका असइ थमन विक आन्दोलनकारीको आक्रमणबाट घाइते भएका थिए। उनलाई जलेश्वर अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि एम्बुलेन्समा जनकपुर ल्याइँदै गर्दा तत्कालीन अनैठा गाविसमा आन्दोलनकारीहरूले एम्बुलेन्स रोकेर बाहिर निकाली लाठी र ढुंगाले हानेर क्रूरतापूर्वक हत्या गरेका थिए।



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# मधेश सरकार: अर्थले भुक्तानी रोक्यो, पूर्वाधार विकास कार्यालयमा ताला लाग्यो

अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १७ गते

चालु आर्थिक वर्षको असार मसान्त सकिन केही दिन मात्र बाँकी छ। तर मधेश सरकारमा एकपछि अर्को समस्या बल्भिँदै गएको छ। तीनदलीय गठबन्धन सरकारको आन्तरिक कलह एवं समन्वय अभावले कामकाज प्रभावित बनेको छ।

अहिले निर्माण सम्पन्न भइसकेका योजनाहरूको भुक्तानी समस्यासमेत ब्युँतिएको छ। भौतिक पूर्वाधार मन्त्रालयका ४८ वटा योजनाको झण्डै एक अर्बको भुक्तानी लफडा सतहमा आएको हो।

कार्यान्वयनमा गइसकेका योजनाको बजेट खर्च प्रणाली (पीएलआईएमबीएस) मा पुन: अर्थ मन्त्रालयले बजेट रोकेपछि भुक्तानी अन्योल बनेको हो। यसले कार्यान्वयनमा रहेका योजनाका निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू समस्यामा परेका छन्।

असार मसान्तको अन्तिममा आएर निर्माण सम्पन्न भइसकेका कतिपय योजनाको समेत भुक्तानी रोकिँदा निर्माण व्यवसायी तनावमा परेका छन्। भुक्तानी रोकिएपछि निर्माण व्यवसायीले भौतिक पूर्वाधार मन्त्रालयमा तालाबन्दीको तयारी गरेका छन्। मन्त्रालय मातहतको पूर्वाधार विकास कार्यालयमा भने तालाबन्दी गरिएको छ।

निर्माण व्यवसायी संघ धनुषाका महासचिव रुपेश सिंहले काम गराएर भुक्तानी गराउने बेला मधेश सरकारले दर्जनौं योजनाको बजेट रोक्का गरेर सबैलाई तनाव दिएको बताए।

'मन्त्रालयले टेन्डर वा विभिन्न प्रक्रियाबाट योजना कार्यान्वयन अघि बढायो। हामीले विधिसंगत काम गर्‍यौं। अहिले आएर बजेट रोक्का रहेको भन्दै भुक्तानी रोकिएको छ,' उनले भने, 'काम गराएर असार मसान्तको अन्तिममा भुक्तानी रोक्नु कतिको न्यायोचित हो ?'

सरकारको नियत ठिक नरहेको र दर्जनौं योजनाका निर्माण व्यवसायी तथा उपभोक्ता गम्भीर समस्यामा पर्ने भएकाले मन्त्रालयमै तालाबन्दी गरिएको उनले बताए।

चालु आर्थिक वर्ष २०८२/०८३ को साउनमा अर्थ मन्त्रालयले जारी गरेको खर्च मापदण्डमा योजना कार्यान्वयन गर्दा अर्थ मन्त्रालयसँग पूर्वस्वीकृति लिएर मात्र कार्यान्वयन प्रक्रिया अगाडि बढाउने उल्लेख थियो।

गत वैशाखको अन्तिम सातासम्म अर्थ मन्त्रालयले पीएलआईएमबीएसमा अन्य मन्त्रालयहरूको विकासे बजेट रोक्का राखेको थियो। अन्तिम साता बजेट लक खोलेपछि मन्त्रालयहरूले काम धमाधम अगाडि बढाएका थिए। कतिपय योजनामा पेस्कीसमेत दिइएको पाइएको छ।

तर, असार अन्तिममा आएर अर्थ मन्त्रालयले पुन: बजेट लक गरिदिएको छ। यसले भुक्तानी समस्या अन्योल बनेको हो।

भौतिक मन्त्रालयका उपसचिव सञ्जयकुमार साहले अर्थ मन्त्रालयले बजेट खोलेपछि मात्र निर्माण प्रक्रिया अगाडि बढाइएको र असार मसान्तको अन्तिममा आएर पुन: बजेट रोक्का गर्दा भुक्तानी अन्योल बनेको बताए।

'बजेट खुला भएको कारण मात्र निर्माण प्रक्रिया अघि बढाइएको थियो। अहिले फेरि बजेट रोकेपछि यो अवस्था आएको हो,' उनले भने।

बजेट खर्च मापदण्ड जारी



गर्दा अर्थमन्त्री नेपाली कांग्रेसका सुनिल यादव थिए। वर्तमान मन्त्री युवराज भट्टराईले तत्कालीन मन्त्रीले गरेको निर्णयअनुसार जारी खर्च मापदण्डको निर्देशिका मन्त्रालयहरूले पालना गर्नुपर्ने बताए।

खारेज गर्नुपरे मन्त्रीले नभई मन्त्रिपरिषद्को निर्णयले मात्र गर्न सकिने उनको भनाइ छ।

'११ महिनाअघि अर्थ मन्त्रालयले जारी गरेको निर्देशिकाका कारण त्यो बजेट रोक्का छ। मन्त्रालयहरूले योजना कार्यान्वयन गर्दा पूर्वस्वीकृति लिनुपर्थ्यो,' उनले भने, 'मैले त्यसबेलाका मन्त्रीले गर्नुभएको निर्णय खारेज वा संशोधन गर्न मिल्दैन। त्यो क्याबिनेटबाट हुन्छ। मैले पनि निर्माण व्यवसायी र मन्त्रालयहरूलाई भनेको छु, क्याबिनेटमा लगेर अर्को निर्णय गराउनुस्।'

तर, अहिले तीनदलीय गठबन्धनकै सरकारभित्र चालु आवकै बजेट रोक्का र खर्च कटौतीको विषयलाई लिएर खटपट चलिरहेको छ।

मधेश प्रदेश सरकारको खर्च नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले अर्थ मन्त्रालयले जेठ २६ मा १० लाखभन्दा कमका योजना रोक्का गर्ने, मसलन्द, इन्धनसहितका शीर्षकको बजेटमा ३० देखि ५० प्रतिशत खर्च कटौती गर्ने लगायतका निर्णय गरेर मन्त्रालयहरूमा परिपत्र गरेको थियो। यसले मुख्यमन्त्री तथा मन्त्री एवं कर्मचारीहरू असन्तुष्ट छन्।

गत असार १३ गतेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको निर्णय उल्ट्याउने निर्णय गरेको थियो। तर त्यसको जिम्मा पनि अर्थ मन्त्रालयलाई नै दिइएको छ। जबकि, अर्थ मन्त्रालयबाट सो प्रस्ताव गएको थिएन भने अर्थमन्त्री भट्टराईसमेत बैठकमा अनुपस्थित थिए। त्यस कारण क्याबिनेटको सो बैठकको निर्णय वैध हुने वा नहुने बहस चलिरहेको छ।

तीनदलीय गठबन्धन सरकारमा मुख्यमन्त्री कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव छन् भने अर्थमन्त्री नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का दलका नेता युवराज भट्टराई छन्। मधेश सरकारभित्रको आन्तरिक असन्तुष्टिले सरकारको कामकाज प्रभावित बनेको छ।

## अवैध उत्खननका गिटी-बालुवासहित ...........

प्रदेश ०३-००१ क २४५९ तथा बागमती प्रदेश ०३-००१ क २८७३ नम्बरका टिपर रहेका छन्। प्रारम्भिक अनुसन्धानबाट ती सवारी साधनमा अवैध रूपमा उत्खनन गरिएको गिटी-बालुवा लोड गरी ओसारपसार भइरहेको खुलेको प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएका तीनै वटा टिपर आवश्यक अनुसन्धान तथा थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

पछिल्लो समय सिरहासहित मधेशका विभिन्न जिल्लामा नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसारपसार बढ्दै गएपछि प्रहरी र सम्बन्धित निकायले अनुगमन तथा नियन्त्रण अभियानलाई तीव्र बनाएका छन्।

प्रहरीका अनुसार वातावरणीय सन्तुलन कायम राख्न, नदीको प्राकृतिक बहाव संरक्षण गर्न तथा सार्वजनिक सम्पदाको दुरुपयोग रोक्न नदीजन्य पदार्थको उत्खनन, संकलन र ढुवानी प्रचलित कानुन तथा स्वीकृत मापदण्डअनुसार मात्रै गर्न पाइने व्यवस्था छ।



## राजगढका अध्यक्ष मण्डललाई धरौटीमा छाड्ने ............

पुजारी जन्त्रीदास वैरागीको अस्थिपञ्जर २०५५ साल साउन ३ गते फेला परेको थियो। हाल राजगढ गाउँपालिका अध्यक्ष रहेका ओमप्रकाश मण्डलका बुबा गंगाराम मण्डलले मन्दिरको नाममा रहेको ११ बिघा जग्गाको धान मन्दिरलाई दिन नमानेपछि विवाद चर्किएको र त्यसकै कारण हत्या भएको अभियोगपत्रमा उल्लेख छ।

अभियोगपत्रअनुसार राजविराजमा बैठक गर्ने बहानामा पुजारीलाई बोलाएर कोशी नहरको उत्तर-दक्षिण पुलनजिक हत्या गरी शव नहरमा फालिएको थियो। मन्दिरको बाली लुटपाट र ज्यान मार्ने धम्की दिएको भन्दै पुजारीले गंगाराम मण्डलविरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदनसमेत दिएका थिए।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# गोलबजारमा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढ्यो

अपन दैनिक संवाददाता
सिरहा, असार १७ गते



सिरहाको गोलबजारमा मधेश प्रदेशकै पहिलो अत्यधुनिक ट्रमा सेन्टर निर्माण गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा गोलबजार नगरपालिका-४ र ८ को सिमानामा, पूर्व-पश्चिम राजमार्ग छेउस्थित कोभिड अस्पतालको परिसरमा ट्रमा सेन्टर निर्माण हुन लागेको हो।

मन्त्रालयले यसका लागि ठेकेदार कम्पनीसँग सम्झौता पनि गरिसकेको छ।

२० करोड ३३ लाख ५० हजार ५०८ रुपैयाँ लागतमा निर्माण हुने उक्त आयोजना २०८५ जेठ २२ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नापजाँच प्रतिवेदनका आधारमा बाँकी कानुनी तथा प्राविधिक प्रक्रिया पूरा गरी निर्माण कार्यलाई तीव्र रूपमा अघि बढाइने मन्त्रालयले जनाएको छ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका इन्जिनियर शेखर सिंहका अनुसार, ट्रमा सेन्टरको भवन साढे २ तलाको हुनेछ। भवनको लम्बाइ ७१ मिटर र चौडाइ ३५ मिटर रहने जनाइएको छ।

गोलबजार नगरपालिका-४ का वडा अध्यक्ष सकलदेव यादवले ट्रमा सेन्टर निर्माण गोलबजार र समग्र मधेश प्रदेशका लागि ऐतिहासिक उपलब्धि भएको बताए।

'नेपालकै महत्वपूर्ण स्वास्थ्य पूर्वाधारमध्ये एक बन्ने यो ट्रमा सेन्टर सञ्चालनमा आएपछि सिरहा, सप्तरी, धनुषा, महोत्तरीलगायत मधेश प्रदेशका आठै जिल्लाका नागरिकले गुणस्तरीय आकस्मिक उपचार सेवा पाउनेछन्,' उनले भने।

मधेश प्रदेशका पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले मधेश प्रदेशमा बढ्दो जनसंख्या, पूर्व-पश्चिम राजमार्गको विस्तार तथा बढ्दो सडक दुर्घटनालाई मध्यनजर गर्दै ट्रमा सेन्टर आवश्यक रहेको बताए।

सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाहीलगायत जिल्लामा दुर्घटनापछि समयमै उपचार नपाएर धेरैले ज्यान गुमाउनुपरेको अवस्था छ।

ट्रमा सेन्टर निर्माणमा मधेश प्रदेश सरकारको ४० प्रतिशत र संघीय सरकारको ६० प्रतिशत लगानी रहने बताइएको छ।

# सरकारका १०० दिन : आशा धेरै, तर निराशाको सङ्केत

अपन दैनिक संवाददाता
सिरहा, असार १७ गते

सरकारको पहिलो १०० दिनलाई प्राय: कुनै पनि शासनको 'हनीमुन पिरियड' मानिन्छ। यही अवधिमा सरकारले आफ्नो प्राथमिकता, कार्यशैली र राजनीतिक इच्छाशक्तिको प्रारम्भिक सन्देश दिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा बनेको बालेन शाह सरकारको १०० दिन पनि यही मापनबाट हेर्नुपर्छ।

सरकारले सार्वजनिक गरेका उपलब्धिहरू हेर्दा केही क्षेत्रमा परिवर्तनको सङ्केत अवश्य देखिएको छ। शिक्षा क्षेत्रमा परीक्षा नतिजा समयमै प्रकाशन गर्ने व्यवस्था, विश्वविद्यालय सुधारका प्रयास, एनओसी सेवालाई डिजिटल बनाउने काम तथा दलगत हस्तक्षेप कम गर्ने घोषणा सकारात्मक छन्।

ऊर्जा क्षेत्रमा वर्षौंदेखि थन्किएका जलविद्युत् अनुमति पुनरावलोकन, प्रसारण लाइन निर्माणलाई गति दिने प्रयास तथा ऊर्जा निर्यात रणनीति तयार गर्नु पनि महत्त्वपूर्ण कदम हुन्। यी सबैले सरकार कम्तीमा समस्याको पहिचान र सुधारको एजेन्डा तय गर्न सक्रिय देखिएको सन्देश दिन्छन्।



सरकारको मूल्याङ्कन घोषणा र योजनाले मात्र हुँदैन, कार्यान्वयनले हुन्छ। त्यस्तै उसको व्यवहार र शैलीमा पनि झल्किन्छ। त्यो हेर्दा केही ठाउँमा सरकार कमजोर देखिएको छ।

प्रधानमन्त्री बालेनको राजनीतिक शैलीले सुरुदेखि नै 'छिटो निर्णय' र 'ठूलो घोषणा' लाई प्राथमिकता दिएको देखिन्छ। तर निर्णयपछि त्यसलाई संस्थागत रूपमा कार्यान्वयन गर्ने संयन्त्र भने अझै कमजोर छ। सरकारका धेरै घोषणा अझै नीति, कार्यविधि वा प्रारम्भिक तयारीकै चरणमा छन्। जनताले महसुस गर्ने परिणाम भने सीमित छन्।

रास्वपाले नयाँ राजनीतिक संस्कृतिको वाचा गरेको थियो। तर पार्टीको आफ्नै महाधिवेशन व्यवस्थापनले अपेक्षाअनुसार सन्देश दिन सकेन। संगठनभित्रको व्यवस्थापन कमजोरी र नेतृत्वबीचको समन्वय अभाव सार्वजनिक रूपमा देखियो। जब एउटा पार्टीले आफ्नै आन्तरिक प्रक्रिया व्यवस्थित गर्न सक्दैन, तब राज्य सञ्चालनको क्षमतामाथि पनि प्रश्न उठ्नु अस्वभाविक भन्न सकिँदैन।

सरकारको अर्को चुनौती अपेक्षाको भार हो। परम्परागत दलप्रति असन्तुष्ट जनमतको ठूलो हिस्सा परिवर्तनको आशामा रास्वपातर्फ आकर्षित भएको थियो। त्यसैले यो सरकारलाई अन्य सरकारसरह नभई बढी कठोर मापदण्डमा हेरिएको छ। भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सेवा प्रवाह र आर्थिक पुनरुत्थानमा जनताले तत्काल परिणाम खोजिरहेका छन्। तर १०० दिनमा यी क्षेत्रमा उल्लेखनीय उपलब्धि देखिन सकेको छैन।

यद्यपि सरकारलाई पूर्णसफल वा पूर्णअसफल भन्न पनि मिल्दैन। अघिल्ला सरकारहरूले वर्षौंसम्म छुन नसकेका केही संरचनात्मक विषयमा अहिलेको सरकारले राम्रो छनक देखाएको छ। विश्वविद्यालय सुधार, ड्राइभिङ लाइसेन्सको कुरा, डिजिटल प्रशासन र सेवा प्रवाह सुधारका प्रयासलाई राम्रै उदाहरण मान्न सकिन्छ। तथापि समस्या के हो भने सरकारले सुरु गरेका धेरै काम अझै 'प्रक्रिया' मा छन्।

सरकारमा केही गर्ने इच्छाशक्ति देखिएको छ, तर इच्छाशक्ति मात्र पर्याप्त हुँदैन। सुशासनको वास्तविक परीक्षा कार्यान्वयन क्षमता, संस्थागत अनुशासन र नतिजामा हुन्छ। आगामी दिनमा सरकारका लागि सबैभन्दा ठूलो चुनौती पनि यही हुनेछ- घोषणालाई उपलब्धिमा, योजनालाई परिणाममा र आशालाई विश्वासमा रूपान्तरण गर्नै पर्नेछ।